## ओहिओ कर्जा सम्बन्धी कानूनको विषयमा...तपाईंले के जान्नु पर्छ

**३/२५/२०१४ मा अन्तिम पटक संशोधन गरिएको।**

उधारो खरिद बिल वा अन्य बिक्री करारमा हस्ताक्षर गरिएमा त्यसको महत्त्वपूर्ण कानूनी प्रभाव हुनसक्छ र यसले तपाईं र अरूको निम्ति अधिकार र दायित्व निर्माण गर्दछ। तपाईंको हस्ताक्षरलाई होशियारीताका साथ प्रयोग गर्नुहोस् र हस्ताक्षर गर्न योग्य ठाँउमा मात्र यसलाई प्रयोग गर्नुहोस्। कुनै पनि कागजातमा हस्ताक्षर गर्ने कि नगर्ने त्यसप्रति तपाईंलाई शङ्का लाग्छ भने, हस्ताक्षर गर्नुभन्दा पहिले वकीललाई भेट्नुहोस्।

### किश्ताबन्दी खरिदको निम्ति के कस्ता कागजातहरू आवश्यक पर्छ?

हामीमध्ये धेरैले *निश्चित समयमा तिर्ने वा किश्ताबन्दीमा तिर्ने* गरी समान खरिद गरेका छौं। जब तपाईंले टेलिभिजन सेट वा कार किश्ताबन्दीमा खरिद गर्नुहुन्छ, तपाईंले ती सामानलाई लिनभन्दा पहिले निश्चित कागजातमा तपाईंले सही गर्नै पर्छ। यी कागजातहरू एउटा वा बिभिन्न कानूनी कागजातहरू हुनसक्छन्: खुद्रा किश्ताबन्दी बिक्री करार, सुरक्षा सम्झौता, सशर्त बिक्री करार र/वा प्रतिज्ञा तमसूक। यी कागजातहरूको समूह एउटै दस्तावेजमा पनि हुनसक्छ।

### खुद्रा बिक्री करारमा के समावेश हुन्छ?

ओहिओमा, उपभोक्ता सामाग्रीहरूका निम्ति सम्पूर्ण खुद्र किस्ताबन्दी खरिद करार तथा सम्झौताहरू लिखित रूपमा हुनैपर्छ। हस्ताक्षर गरिसकेपछि वा सामान पठाइसकेपछि विक्रेताले यी लिखित कागजातहरूको प्रतिलाई खरिदकर्तालाई प्रदान गर्नैपर्छ। सामान्यतया करारमा खरिदकर्ताले हस्ताक्षर गरिएको करार प्राप्त गरेको कुरालाई स्वीकार गर्ने सानो अभिव्यक्ति हुन्छ। खरिदकर्ताले करारमा भएको प्राप्त अभिव्यक्तिलाई हस्ताक्षर गरेपछि खरिदकर्ताले करारको प्रति प्राप्त गरेको छ भन्ने कुरालाई प्रमाणित गर्छ।

लिखित करारमा मूल्य, अग्रिम भुगतान, विमाको खर्च (यदि भएमा), वित्तपोषण शुल्क, करार अनुसार तिर्न बाँकी रकम र रकम भुक्तानको विवरण लगायत केही निश्चित विवरणहरू देखिनै पर्छ।

कानून अनुसार, खुद्रा विक्रेताले केही वित्तपोषण शुल्क संकलन गर्न सक्छ। धेरै जसो खुद्रा किश्ताबन्दी बिक्री करारले रकम ढिलो तिर्ने खरिदकर्ता बिरुद्द थप दस्तुर वा सजाय गर्ने व्यवस्था प्रदान गर्दछ। कहिले यी दस्तुर तिर्न लगाउने र दस्तुरको रकम कति हुने त्यसबारेमा केही सीमाहरू छन्। यदि दस्तुरको रकम कानूनले अनुमति दिएको रकम मात्राभन्दा बढी भएमा, बढी भएको रकम खरिदकर्ताबाट जबर्जस्ती असुली गर्न सकिदैन। यदि तपाईंलाई बढी दस्तुर तिर्न लगाइएको छ भन्ने तपाईंलाई लाग्छ भने, वकीललाई सम्पर्क गर्नु बुद्धिमानी हुन्छ।

**सुरक्षा सम्झौता भनेको के हो?**

तपाईंले *सम्पत्ती धितो, सशर्त बिक्री वा सुरक्षा सम्झौताको* बारेमा सुन्नुभएको छ होला। तिनीहरूले जे भनिए तापनि, यी कागजातहरूले विक्रेता तथा ऋणदातालाई तपाईंले खरिद गरेको सामाग्रीमा सुरक्षा प्रदान गर्दछ वा तपाईंको कर्जाको निम्ति धितो पक्का गर्ने काम गर्दछ।

यी सुरक्षाले तपाईंले तपाईंको कर्जा तिर्नुहुन्छ भन्ने कुरालाई सुनिश्चित गर्न सहायता गर्दछ। सुरक्षा कागजात प्राप्त गरेपछि विक्रेता तथा ऋणदाताले महत्त्वपूर्ण अधिकार प्राप्त गर्छ, जसमा, यदि तपाईंले तिर्न पर्ने रकम तिर्न सक्नुभएन भने कहिलेकहीं अग्रिम सूचना वा चेतावनीविना सामान *फिर्ता लिने* अधिकारपनि यसमा समावेश हुन्छ।

**प्रतिज्ञा तमसूक भनेको के हो?**

प्रतिज्ञा तमसूक भनेको अर्को व्यक्ति तथा कम्पनीलाई निश्चित रकम तिर्छु भन्ने लिखित प्रतिज्ञा हो। यो तमसूक र, यदि भएमा, सुरक्षा कागजातलाई वित्त कम्पनी, बैंक वा व्यक्तिलाई बिक्री गर्न सकिन्छ। तमसूक खरिद गर्ने र त्यसको सहायक सुरक्षा सम्झौताले, तमसूक बेच्नभन्दा पहले मुख्य विक्रेताबाट समाग्री खरिद गर्दा जे कुराको निम्ति सुरक्षा दिएको थीयो त्यसैमा सुरक्षा दिँदछ। यदि तपाईंले तमसूक अनुसार रकम नतिरेको कारण पछि तपाईंलाई कानूनी कार्वाही गरियो भने, विक्रेताको वारेन्टी, ठगी वा करार भङ्ग आदिको आधारमा कानूनी प्रतिरक्षाको दाबी गर्न सक्नुहुन्छ। उपभोक्ता कारोबारमा, यी कानूनी प्रतिरक्षाहरू तमसूक विक्रेतासँग जस्तो रूपमा लागू हुन्छ खरिदकर्तासँग पनि त्यही रूपमा लागू हुन्छ।

जब तपाईं बाँकी किश्ताबन्दी रकमलाई निश्चित समयभित्र तिर्न सक्नुहुन्न तब तुरुन्तै सम्पूर्ण रकम बाँकी ठहरी तिर्नुपर्ने हुन्छ भन्ने कुरा सामान्यतया प्रतिज्ञा तमसूकले प्रदान गर्दछ। यसलाई *प्रवेग प्रावधान* भनिन्छ।

**मैले रकम तिर्न सकिन भने के हुन्छ?**

यदि तपाईंले रकम तिर्न सक्नुभएन भने, तपाईंको ऋणको धितो रूपमा रहेको खरिद सामान लिने अधिकार विक्रेता तथा ऋणदाताको हुन्छ। विक्रेता वा ऋणदाता सामान फर्काएपछि, तपाईंलाई जानकारी गराई उक्त सामान पुन: बिक्री गर्नसक्छ, र उक्त बिक्री गरिएको दाम र तपाईंले अझै तिर्नुपर्ने बाँकी रकमबीचको फरक रकम तपाईंले तिर्नुपर्ने हुन्छ। यसलाई *अपूर्णता* भनिन्छ। विक्रेता वा ऋणदाताले सामान पुन: बिक्री गर्नुभन्दा तपाईंले धितो राखिएको सामाग्रीलाई उकास्नको निम्ति कानूनले तपाईंलाई केही अधिकारहरू प्रदान गर्दछ।

अर्को तर्फ, विक्रेता वा ऋणदाताले तपाईंलाई जानकारी दिएर तपाईंको सम्पूर्ण आर्थिक दायित्व पूरा गर्नेगरि सामान राख्न सक्छ। जब तपाईंले खरिद गर्नुभएको सामनलाई फिर्ता लिइन्छ, तपाईंको वकीललाई भेट्नु

बुद्धिमानी हुन्छ, जसले सामान वा तपाईंले तिर्नुभएको रकममा तपाईंको अधिकार के-के हुन्छन् सोको विवरण दिँदछ।

यदि तपाईंले किश्ताबन्दी तिर्न सक्नुभएन भने, तपाईंले खरिद गर्नुभएको सामानलाई फिर्ता लिनको सट्टा प्रतिज्ञा तमसूकको विक्रेता वा त्यसको धनिले तपाईं विरुद्ध तपाईंबाट रकम असुली गर्न अदालती कार्वाहि गर्नसक्छ।

**कार विमाको बारेमा?**

जब कारलाई वित्तपोषण गरिन्छ वा किश्ताबन्दीमा बिक्री गरिन्छ, विक्रेता वा वित्तपोषण गर्ने एजेन्सीले तपाईंलाई कारमा हुनसक्ने हानीको निम्ति विमा गर्न अनिवार्य गर्छ, ताकि सवारी साधनमा विक्रेता वा एजेन्सीको सुरक्षा वन्चित होस्। तपाईंले सामान्य, पूर्ण-समावेशी विमा सेवा खरिद गरी यस प्रकारको विमा प्राप्त गर्न सक्नुहुन्छ।

यदि तपाईंले विमाको प्रमाण प्रदान गर्नुभएन भने, विक्रेता वा वित्तपोषण गर्ने एजेन्सीले तिनीहरूको सुरक्षालाई सुरक्षित गर्नको निम्ति सम्पत्ति क्षति विमा लिनसक्छन्। यसलाई धेरैपटक *जबर्जस्ती गरिएको विमा* भनिन्छ, र यसको रकम तपाईंले लिनुभएको कारको मूल्यसँग जोडिन्छ। जबर्जस्ती गरिएको विमा सामान्यतया धेरै खर्चिलो महँगो हुन्छ।

अरूलाई तपाईंले गर्न सक्ने व्यक्तिगत हानी वा सम्पत्ति नोक्सानीको दायित्वलाई पूरा गर्नको निम्ति तपाईंले आर्थिक प्रमाण राख्नु र प्रदान गर्नुपर्ने कुरा ओहिओ कानूनले तपाईंलाई अनिवार्य गर्दछ भन्ने कुरालाई ध्यान दिनुहोस्। यदि तपाईंले आवश्यक गरिएको आर्थिक दायित्वको प्रमाणलाई अघि सार्नुभएन भने, तपाईंको सवारी चलाउने अधिकारलाई निलम्बित गरिन सक्नेछ।

तपाईंको मृत्यु भएको खण्डमा, वा तपाईं अशक्त भएको वा जागिर गुमाएको अवस्थामा सवारीसाधनको रकम चुक्ता गर्नको निम्ति विक्रेता वा वित्तपोषण गर्ने एजेन्सीले तपाईंलाई *क्रेडिट जीवन विमा र अशक्त जीवन विमा* प्रदान गर्न सक्छ। तैपनि, खर्च र समावेश क्षेत्रलाई बुझ्नको निम्ति तपाईंले त्यस्तो योजनालाई राम्ररी निरिक्षण गर्नुपर्छ।

कतिपयले खरिद "ग्याप" विमा लिनेबारे विचार गर्छन्। यदि तपाईंको कार पूर्ण रूपले नष्ट भयो भने, तपाईंको (वा दुर्घटनालाई घटाउने व्यक्तिको) विमाले तपाईंको सवारीसाधनको मूल्य बाराबरको रकम तपाईंलाई प्रदान

गर्न सक्छ, जुन रकम तपाईंले ऋणदातालाई तिर्नु पर्ने रकमभन्दा कम हुनसक्छ। “ग्याप” विमाले सवारीसाधनको मूल्य र तिर्नुपर्ने रकमबीचको यो फरकलाई समावेश गर्दछ।

**क्रेडिट कार्डको बारेमा मैले के जान्नुपर्छ?**

“चार्ज एकाउन्ट,” प्रयोग गर्नुभन्दा पहिले, हस्ताक्षर गर्न वा स्वीकार गर्नभन्दा पहिले तपाईंबाट अपेक्षा गरिएको सम्पूर्ण दायित्वहरू बुझ्नुपर्छ र चार्ज एकाउन्ट र क्रेडिट कार्डको सम्पूर्ण निवेदन फारम, साथै चार्ज स्लीप तथा सूचनाहरू होशियारी पूर्वक पढ्नुपर्छ।

धेरैजसो व्यवसाय वा क्रेडिट कार्ड कम्पनीहरूले तपाईंलाई ३० भन्दा कम समयको तिर्नु पर्ने रकमको निम्ति ब्याज छूट दिन्छन् भने अन्यले तुरुन्तै ब्याज काट्न थाल्छ। यदि क्रेडिट सम्झौतामा उल्लेख गरिएको भए, ओहिओ कानूनले अनुमति दिए अनुसार तपाईंको ऋणदाताले तपाईंलाई वार्षिक २५ प्रतिशत सम्म ब्याज तिर्न लगाउछ।

**मैले कसरी मेरो क्रेडिट रिपोर्ट जाँच्न सक्छु?**

क्रेडिट रिपोर्ट भेनेको तपाईंले क्रेडिट प्रयोग गर्नुभएको इतिहासको स्न्यापसट हो। राष्ट्रको तीनै क्रेडिट रिपोर्ट एजेन्सीहरू (ट्रान्सयुनियन, इक्वीफ्याक्स र एक्स्पेरियन) ले फरक-फरक क्रेडिट रिपोर्ट कायम राख्छन्। यी विवरणहरू केही हदसम्म फरक हुनसक्छन्, यी तीनैले तपाईंको व्यक्तिगत परिचय दिने जानकारी, तपाईंले प्रयोग गर्ने क्रेडिट, क्रडिट लाइन खुला भएको कति भयो, तपाईंको कति क्रेडित तपाईंको प्रयोग गर्नुभएको छ, तपाईंको क्रेडिट रिपोर्टको निम्ति गरिएको कुनै पनि अनुरोध, तपाईंले समयमै बिल तिर्नु भयो कि भएन र अन्य कुनै पनि सार्वजनिक विवरणहरू, जस्तै दिवाला उजुरीहरू वा अदालती न्याय प्रदान गर्दछ। यी तीनै विवरणहरू ठीक छन् भन्ने कुरालाई सुनिश्चित गर्ने जिम्मा तपाईंको हुन्छ।

संयुक्त राज्यको ग्राहकलाई हरेक वर्ष यी हरेक क्रेडिट रिपोर्टको निशुल्क प्रति प्राप्त गर्ने अधिकार उचित क्रेडिट रिपोर्टिङ कानून (FCRA) ले प्रदान गर्दछ, र यसको निम्ति तीनै संयुक्त राज्य क्रेडिट रिपोर्टिङ एजेन्सीहरूले मिलेर एउटा वेबसाइट निर्माण गरेको छ। तपाईंको निशुल्क क्रेडिट रिपोर्ट प्राप्त गर्नको निम्ति, www.annualcreditreport.com मा जानुहोस् वा 877-322-8228 मा सम्पर्क गर्नुहोस्।

तैपनि, तीनमध्ये कुनै पनि क्रेडिट रिपोर्टले तपाईंको क्रेडिट स्कोरलाई समावेश गर्दैन। तपाईंको "क्रेडिट शक्ति" लाई निर्धारण गर्नको निम्ति क्रेडिटर र ऋणदाताहरूले धेरैजसो फेयर आइज्याक कम्पनी (FICO) क्रेडिट स्कोर (300 – 850) प्रयोग गर्छन्। फेयर आइज्याक कम्पनी (FICO) स्कोर मुख्य रूपमा तपाईंको रकम भुक्तानि

इतिहास र क्रेडिट इतिहासको आधारमा हुन्छ। सामान्यतया, उच्च क्रेडिट स्कोरले तपाईंलाई कर्जा तथा क्रेडिट स्वीकार गरिने, र कम ब्याजदर र राम्रो सर्तको निम्ति स्वीकार हुने सम्भावनालाई बढाउँदछ। तपाईंले आफनो फेयर आइज्याक कम्पनी (FICO) स्कोर www.myfico.com बाट प्राप्त गर्न सक्नुहुन्छ।

उपभोक्ता आर्थिक सुरक्षा ब्यूरो (Consumer Financial Protection Bureau) द्वारा लागू गरिएको एफ.सी.आर.ए. (FCRA) ले उपभोक्ताहरूलाई क्रेडिट ब्यूरो फाइलमा रहेको गलत जानकारी विरुद्ध प्रयोग गर्न केही अधिकारहरू प्रदान गर्दछ। छोटोमा, एफ.सी.आर.ए. (FCRA) ले भन्छ:

- “सम्पूर्ण जानकारीको प्रकृति र अर्थ” जान्ने अधिकार तपाईंसँग हुन्छ।
- यदि क्रेडिट इन्कार गरियो भने, तपाईंले लगभग सबै जानकारीको स्रोत थाहा पाउने अधिकार तपाईंसँग हुन्छ।
- गत छ महिनाको अवधिमा (वा रिपोर्ट रोजगारीको प्रयोजनको लागि प्रयोग गरिएको थियो भने दुई वर्ष) तपाईंको क्रेडिट रेकर्ड प्राप्त गर्ने कुनै पनि संघसंस्थाको नाम जान्ने अधिकार तपाईंसँग हुन्छ।
- तपाईंले सोधपुछ गर्नुभएभन्दा पहिले ३० दिनभित्र तपाईंको क्रेडिट, विमा र रोजगारी इन्कार गरिएको छ भने, क्रेडिट एजेन्सीबाट निशुल्क जानकारी लिने अधिकार तपाईंसँग हुन्छ। अन्यथा, जानकारी प्रकाशित गरेबापत रिपोर्टिङ एजेन्सीले शुल्क लिनसक्छ।
- तपाईंलाई गलत छ भन्ने लागेको कुनै पनि विवरणको निरिक्षण क्रेडिट ब्यूरोले गर्नै पर्छ। यदि जानकारी गलत रहेको कुरा प्रमाणित भयो भने, एजेन्सीले यसलाई फाइलबाट हटाउनै पर्छ र, तपाईंको अनुरोधमा, विवरण प्राप्त गर्ने हरेकलाई सो जानकारी हटाइएको कुरा जानकारी गराउनुपर्छ।
- निरिक्षण भएपछि, तपाईंको आफ्नो तर्फको छोटो अभिव्यक्ति लेखि फाइलमा राख्न सक्नुहुन्छ। तपाईंको अनुरोधमा, एजेन्सीले विवादको तपाईंको संस्करणलाई, गत ३० दिनभित्र तपाईंको क्रेडिट इन्कार गरेका प्रत्येकलाई नि:शुल्क पठाउनु पर्छ। तपाईंले अनुरोध गर्नुभयो भने, विवादको तपाईंको संस्करणलाई अन्य छनौट गरिएको व्यवसायहरूलाई पनि सहुलियत शुल्कमा एजेन्सीले पठाउनु पर्छ।
- यस जानकारीको कानून अनुसार न्यायसंगत आवश्यकता नभएको कसैलाई पनि उपभोक्ता रिपोर्ट प्रकाशित नगर्ने अधिकार तपाईंसँग हुन्छ।

फेयर आइज्याक कम्पनी (FICO) तपाईंलाई केही अधिकारहरू प्रदान गर्छ, तर यसले केही प्रतिवन्धहरू पनि गर्न सक्छ। तपाईं क्रेडिट ब्यूरोमा जानुभएको बेला, तपाईंको फाइलको प्रति वा तपाईंको फाइल भौतिक रूपमा सम्हालने अधिकार यसले तपाईंलाई दिँदैन, र तपाईंले व्यवसायिक वा व्यापारिक विमाको निम्ति आवेदन दिनुभएको अवस्थामा यो लागू हुँदैन।

**बैंक चार्जको बारेमा?**

शुल्क तथा चार्ज रकमहरूबाट बैंकहरूले ठूलो रकम आर्जन गर्छन्। तपाईंले ए.टि.एम. मेसिन प्रयोग गरेबापत तपाईंलाई शुल्क असुली गर्न सक्छ, विशेषगरि यदि यो तपाईंको बैंकसँग सम्बद्ध छैन भने। यदि तपाईंले चेक प्रदान गर्नुभयो वा अनलाईन भुक्तानी बुझाउनुभयो र पर्याप्त रकम नभएको कारण अनादर भयो भने बैकहरू साथै गैर-बैंकिय ऋणदाताहरूले तपाईंबाट शुल्क असुली गर्न सक्छ, त्यसैले तपाईंको चेकबुकलाई संतुलन राख्नमा होशियारीता अपनाउनुहोस्। यसका साथै, तपाईंले तिर्नु पर्ने रकम समयमा तिर्नुभएन भने ऋणदाताहरूले तपाईंबाट शुल्क असुली गर्न सक्छ।

**मेरा अन्य दायित्वहरू के के हुनसक्छन्?**

हस्ताक्षर नगरिएको वा केही कुरा थाहा नभएको भए पनि, कारोबारबाट उठेको कानूनी दायित्व तपाईंले बहन गर्नु पर्ने हुनसक्छ। उदहरणको लागि, साझेदारीमा एक साझेदारी अर्को साझेदारीप्रति जिम्मेवार हुनसक्छ, पति वा पत्नी आफ्नो पति/पत्नीको चार्ज एकाउण्ट वा किश्ताबन्दी खरिदको निम्ति जिम्मेवार हुनसक्छन् उदाहरणको लागि, यदि खातामा पति र पत्नी दुवैको नाम उल्लेख भएको अवस्थामा। यसका साथै, केही अवस्थाहरूमा, आफ्ना सन्तानले जानी-जानी पुर्‍याएको सम्पत्ति हानी-नोक्सानी वा सवारी साधन प्रयोग गरिएको कारण भएको अन्य हानी-नोक्सानीहरू हुनसक्छ, तिनका निम्ति सन्तानका बाबु-आमा जिम्मेवारी हुनसक्छन्।

यदि तपाईंले तपाईंको मित्र वा आफन्तको निम्ति क्रेडिट वा कर्जा भुक्तानीको जमानि बसी सह-हस्ताक्षर गर्नुभएको छ भने त्यसको निम्ति पनि तपाईं जिम्मेवार हुन सक्नुहुन्छ। तपाईंले हस्ताक्षर गर्नुभन्दा पहिले समर्पूर्ण अवस्थाहरूलाई राम्ररी बुझेको कुरालाई सुनिस्चित गर्नुहोस्, किनभने तपाईंले कुनै फाइदा प्राप्त नगरे तापनि, कर्जाप्रति दायित्व भनेको कर्जा लिने व्यक्ति (जस्तै, साथीभाइ वा आफन्त) को जत्तिकै हुन्छ।

साथै, जब एक जनाभन्दा बढी व्यक्तिले पट्टा हस्ताक्षर गरिन्छ जस्तै कलेज डिपार्टमेन्टको लागि, (यी पट्टामा उल्लेख गरिएको छैन भने) उनीहरूको आफ्नो भाग मात्र होइन पूरै भाडा तिर्ने दायित्व प्रत्येकको हुन्छ।

कर्जा तिरिएमा "अनुचित कष्ट" हुने कुरा प्रमाणित गर्न नसकिएमा (जुन प्रमाणित गर्न गाह्रो छ) परिवारले अथवा विद्यार्थी स्वयमले हस्ताक्षर गरेको विद्यार्थी कर्जालाई दिवालाबाट उन्मुक्ति दिन सकिँदैन विद्यार्थी कर्जालाई उन्मुक्ति दिनको निम्ति अदालतले सामान्यतया जाँच प्रक्रिया प्रयोग गर्दछ: १) यदि ऋण तिर्न बाध्य गरिएमा ऋणीले हालको आम्दानी र खर्चको आधारमा "न्युनतम" जीवन शैली अपनाउन सक्दैन; २) यो

अवस्थाको समस्या विद्यार्थी कर्जा भुक्तानी अवधीको पूर्ण समय रहिरहन्छ भन्ने कुरा थप अवस्थाहरूले संकेत गर्छ; र ३) ऋणीले ऋण तिर्ने भरमगदूर प्रयास गरेको छ। विद्यार्थी कर्जामा वकीलको शुल्क र संकलन शुल्कलाई ऋणीले नै तिर्नु पर्ने हुनसक्छ।

हस्ताक्षर गर्नुभन्दा पहिले जाँच्नुहोस्:

- मुद्रण गरिएको साना अक्षर लगायत तपाईंलाई हस्ताक्षर गर्न लगाइएको हरेक कागजात राम्ररी **पढ्नुहोस्।**
- खाली ठाउँ भएको कुनै पनि कागजातमा **हस्ताक्षर नगर्नुहोस्।** हरेक **खाली ठाँउ** भरिनुपर्छ।
- सम्पूर्ण रकमलाई—हरेक वस्तुको रकम र क्रेडिट शुल्क इत्यादि—रकम मूल्यसँग **तुलना गर्नुहोस्।**
- **बिक्रीको निम्ति गरिने कुराकानीमा भरोसा नगर्नुहोस्।** करारमा उल्लेख नगरिएसम्म मौखिक प्रतिज्ञालाई लागू गर्न सकिँदैन।
- तपाईंले शब्दहरू बुझ्नुभएन भने **हस्ताक्षर नगर्नुहोस्। प्रश्न सोध्नुहोस्!**
- **तपाईंको समय लिनुहोस्।** हतार नगर्नुहोस्।

शङ्का भएमा, तपाईंको वकीलसँग परामर्श लिनुहोस्, जसले तपाईंले सही गर्नुभन्दा पछि भन्दा अघि फाइदा पुऱ्याउन सक्छ।

**३/२५/२०१४**

*© मार्च २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धरैजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाई सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.